# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

पत्र संख्या :- प्र.शा. - ०७७/०७८
च.नं.: ३१००

मिति: २०७७/१२/०३

**विषय: <u>तालिम कार्यक्रममा सहभागिता सम्बन्धमा ।</u>**

श्री सहकारी संस्थाहरू सबै,
लिसंखु पाखर गाउँपालिका ।

प्रस्तुत विषयमा राष्ट्रिय सहकारी महासंघ लि. नेपालको प.सं ०७७/०७८ को च.नं. ५२४ मिति २०७७/१२/०१ गतेको तालिम कार्यक्रममा सहभागिता सम्बन्धी सूचना यसै साथ संलग्न छ। सो सूचनाबाट ब्यहोरा अवगत गर्नु भई इच्छुक सहकारी संस्थाहरूले तोकिएको तालिम शुल्क आफैले ब्यहोर्ने गरी आवश्यक पर्ने तालिमका लागि राष्ट्रिय सहकारी महासंघ लि. नेपालमा सम्पर्क गर्न हुन सुचित गरिन्छ ।

..................................
पूर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना प्रविधि शाखा: Facebook page/Website मा upload गरिदिनु हुनं ।

स.वि.द.नं.: ३१०/०४९/०५०

# NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
# राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

श्री सम्पूर्ण सहकारी संघ/संस्थाहरु तथा स्थानीय तह

मिति : २०७७/१२/०१

**विषय: तालिम कार्यक्रममा सहभागिता सम्बन्धमा ।**

नेपालको सहकारी अभियानको गुणात्मक विकास र बिस्तारका लागि सहकारी अभियानको शीर्षस्थ निकाय यस राष्ट्रिय सहकारी महासंघ लि. नेपालले सहकारी संघ/संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्न विभिन्न प्रकृतिका तालिम कार्यक्रमहरु निरन्तर संचालन गर्दै आईरहेको व्यहोरा विदितै छ ।

यसै सन्दर्भमा सहकारी संघ/संस्थाहरुको माग र आवश्यकताका आधारमा सहकारी संघ/संस्थाका ऋण उपसमितिका पदाधिकारीहरु, स्थानीय तहका कर्मचारीहरु, ऋण प्रमुख, लेखामा काम गर्ने कर्मचारीहरु तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुलाई लक्षित गरी निम्न मिति, समय र स्थानमा देहाएका तालिमहरु अनुभवी बिषय बिज्ञद्वारा सहजीकरण हुने गरी भौतिक रुपमा संचालन हुन गइरहेकोले यसै पत्रसाथ संलग्न रजिष्ट्रेसन फारम भरी समयमै सुनिश्चित गर्न हुन हार्दिक अनुरोध छ ।

| क.सं | तालिमका शीर्षक | संचालन मिति | समय | स्थान | शुल्क (प्रति सहभागी, VAT वाहेक) | लक्षित समुह |
|---|---|---|---|---|---|---|
| १. | लेखा सुपरिवेक्षण क्षमता अभिवृद्धि तालिम | २०७७ चैत्र १२ देखि १३ | १०:३०- ४:१५ | राष्ट्रिय सहकारी महासंघको तालिम हल, पुल्चोक, ललितपुर | रु ३०००।– | लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरु |
| २. | लेखा व्यवस्थापन तालिम | २०७७ चैत्र १७ देखि २० | १०:३०- ४:१५ | | रु ७५००।– | लेखामा काम गर्ने कर्मचारीहरु |
| ३. | कर्जा जोखिम व्यवस्थापन तालिम | २०७७ चैत्र २३ देखि २६ | १०:३०- ४:१५ | | रु ७५००।– | संचालक,ऋण उपसमितिका पदाधिकारीहरु, ऋण, कर्जा प्रमुख तथा सहायक कर्मचारीहरु |

**पूनश्च:**

- पहिलो सहभागी हुने लाई पहिलो प्राथमिकता दिई रजिष्ट्रेशन गराइने छ ।
- रजिष्ट्रेशन शुल्क वापतको रकम राष्ट्रिय सहकारी महासंघ लि. को नाम रहेको राष्ट्रिय सहकारी बैंकको खाता नं. १३०००१४ बानेश्वर शाखामा र राष्ट्रिय वाणिज्य बैंकको पुल्चोक शाखाको खाता नं. ११४०१००००२४०१००१ जम्मा गरी बैंक भौचर र रजिष्ट्रेसन फारम trainingncf@gmail.com इमेल मार्फत पठाउन सकिने छ ।
- रजिष्ट्रेसन फारम www.ncfnepal.com.np बाट Download गर्न सक्नु हुने छ ।

बिस्तृत जानकारीका लागि
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल, पूल्चोक, ललितपुर
फोन नं.: ०१-५०१०११६, ९८६०९८००२२,
सहभागिताको अपेक्षा सहित सहकारी अभिवादन !

(चित्रा कुमारी थाम्सुहाङ्ग सुब्वा)
महाप्रबन्धक

Pulchok, Lalitpur, Nepal